बैठक नं. ३८

आज मिति २०८० असोज ९ गते, मंगलबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री विजय कुमार शर्मा

विषयहरु :

१. विश्व पर्यटन दिवस मनाउने सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

निर्णयहरु :-

१. नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यतामा विश्व पर्यटन दिवस २०८० को अवसरमा 'गुन्हीपुन्ही सापारु-२०८०' मा प्रदर्शन गरिएका घिन्ताङघिसी, माक प्याखं, परम्परागत तथा आधुनिक सांस्कृतिक विधाको पुरस्कार वितरण, सांस्कृतिक गुरुहरु तथा पर्यटन सम्बद्ध संघ संस्था, व्यवसायी र सहयोगीहरुलाई निम्न मिति, समय र स्थानमा सम्मान कार्यक्रम गर्ने निर्णय गरियो :

मिति : २०८० असोज १० गते, बुधबार

समय : दिनको १:०० बजे

स्थान : दरवार स्क्वायर

२. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति :

मिति : २०८०।५।२९ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो

१. संविधान दिवस-२०८० (असोज ३ गते) को अवसरमा नेपाल सरकारको आयोजनामा काठमाण्डौको खुल्ला मंचमा हुने समारोहमा यस भक्तपुर नगरपालिकाको तर्फबाट माक प्याखं र बांसुरी बाजासहितको लाखे प्याखं सांस्कृतिक झांकीको रुपमा प्रदर्शनी गर्ने निर्णय गरियो ।

२. सांस्कृतिक गुरुहरुलाई सम्मान कार्यक्रममा नगरपालिकाका प्रत्येक वडाबाट २/२ जनाको दरले सांस्कृतिक गुरुहरुको नाम छनौट गरी पठाउन सबै वडा कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

यस क्रममा नपाको तर्फबाट पनि विशेष सांस्कृतिक विधाका गुरुहरु पनि छनौट गरी सम्मान गर्ने निर्णय गरियो ।

३. पुस्तकालय दिवसको अवसरमा आयोजना गरिएको माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगिताका उत्कृष्ट प्रतियोगीहरुलाई देहाय बमोजिम रकम कर बाहेक पुरस्कृत गर्ने निर्णय गरियो :

प्रथम पुरस्कार : नगद रु.३,०००।–

द्वितीय पुरस्कार : नगद रु.२५००।–

तृतीय पुरस्कार : : नगद रु.२,०००।–

सान्त्वना पुरस्कार : नगद रु.१,०००।–

४. अन्तर्राष्ट्रिय साक्षरता दिवस, बाल दिवस र शिक्षा दिवसको अवसरमा आयोजित आधारभूत विद्यालय स्तरीय चित्रकला प्रतियोगिता र माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट प्रतियोगीहरुलाई माथि उल्लेखित विवरण अनुसार नै नगद पुरस्कार वितरण गर्ने निर्णय गरियो ।

५. निबन्ध प्रतियोगितामा सहभागी विद्यार्थीहरुबाट लेखिएका निबन्धहरु परीक्षणका लागि विषय विज्ञहरुलाई जिम्मेवारी दिने निर्णय गयो । निबन्ध परीक्षण वापत विषय विज्ञहरुमध्ये नेपाली विषयका विज्ञलाई रु.२,५००।– र अंग्रेजी विषयका विज्ञलाई रु.१,०००।– तथा सम्परीक्षकलाई रु.१,५००।– पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

मिति : २०८०।६।४ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. विश्व पर्यटन दिवस २०८० को अवसरमा यही असोज १० गते आयोजना गरिने पुरस्कार वितरण तथा सांस्कृतिक गुरु सम्मान कार्यक्रममा भक्तपुरको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने संघ/संस्था/व्यक्तिहरुलाई कदर पत्र प्रदान गर्न वातावरण तथा पर्यटन समितिको सिफारिस अनुसारको नामावली बमोजिम आमन्त्रण गरी कदर पत्र प्रदान गर्ने निर्णय गरियो ।

मिति : २०८०।६।४ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. विश्व पर्यटन दिवसको अवसरमा यही २०८० असोज १० गते हुने पुरस्कार वितरण तथा सांस्कृतिक गुरु सम्मान कार्यक्रममा वडा कार्यालयहरुको सिफारिसमा देहाय बमोजिमका सांस्कृतिक गुरुहरुलाई प्रतिव्यक्ति नगद रु.२०,०००।– (कर बाहेक) सहित सम्मान गर्ने निर्णय गरियो ।

| वडा नं. | सांस्कृतिक गुरुको नाम | विशेष सांस्कृतिक गुरु |
|---|---|---|
| १ | बुद्धिभक्त सिन्ताकल<br>दिपानन्द खुसू | |
| २ | हरिभक्त खुसु<br>पुण्यराम कोजु | |
| ३ | विसलाल स्वंगमिखा<br>रामभक्त कर्माचार्य | |
| ४ | नारायण प्रसाद सुवाल<br>कृष्ण भक्त नागाजु | |

| | | |
|---|---|---|
| ५ | कृष्ण भक्त तमखु<br>कृष्ण गोपाल माक | |
| ६ | न्हुछे कुमार अवाल<br>न्हुछेबहादुर त्यात | पुर्ण चित्रकार |
| ७ | कृषणभक्त दुमरु<br>तुल्सीभक्त तजले | |
| ८ | दश सायंजु<br>कान्छा गोसाई | |
| ९ | पुर्न बहादुर प्रजापति<br>धनबहादुर मानन्धर | श्याम शाही |
| १० | कृष्ण भक्त माकजु<br>पुष्परत्न शाक्य | |

**ख. वातावरण तथा पर्यटन समिति**

मिति २०८०।५।२५ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. विभिन्न भाषाको ब्रोसर अभाव (नपुग) देखिएकोले अंग्रेजी र चाइनिज भाषाको साविकमा केही संशोधनसहित ब्रोसर छपाई गर्ने ।

२. भ.न.पा. ८ लर्केस्थित (NBM) प्रविधिबाट कम्पोष्ट मल तयार गर्न आवश्यक हुने देहाय अनुसारका कच्चा पदार्थहरु आवश्यक प्रक्रिया पूरा गरी खरिद गर्न जिन्सी उपशाखालाई जिम्मा दिने ।

तपसिल

१. सुती – ६७०० किलो

२. ढुटो– ८००० किलो

३. रातो माटो– १००००० 

४. तोकोजाई – २५००० किलो ।

२. महेश्वरीस्थित Windrow प्रविधिबाट कम्पोष्ट मल बनाउनको लागि आवश्यक हुने तपसिल अनुसारको कच्चा पदार्थहरु खरिद गर्न जिन्सी उपशाखालई जिम्मा दिने :

**तपसिल**

१. काठको धुलो – ३०००० किलो

२. भुस – १२००० किलो

३. ई. एम. भ्mोल ७०० लिटर

४. ड्राइकोदर्मा – २०० लिटर

५. स्यूडोमोनस – २०० लिटर

६. सटवेर  ७०० किलो

७. ३' गोलाई २० फिट लम्बाई पोलिथिन पाइप – १४ वटा

मिति २०८०।६।८ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियोः

१. ४४ औं विश्व पर्यटन दिवस २०८० (World Turismday 2023) विभिन्न कार्यक्रम गरी मनाउने निर्णय भए अनुसार विश्व पर्यटन दिवसको दिन २०८० असोज १० गते पहिला भक्तपुर नगर प्रवेश गर्ने पर्यटकहरुलाई नगर प्रमुख श्री सुनिल प्रजापतिज्यूको प्रमुख आतिथ्यमा स्वागत गर्ने निर्णय गरियो ।

२. कार्यक्रममा सहभागीहरुलाई चियापान र पर्यटकहरुलाई दिने उपहारको व्यवस्थापन गर्ने जिम्मा पर्यटक सूचना तथा सेवा केन्द्रलाई दिने ।

३. विजय दशमी २०८० को सन्दर्भमा भक्तपुर नगरपालिकामा सरसफाई कार्यसंग सम्बन्धित कर्मचारीहरुबीच शुभकामना आदान प्रदान कार्यक्रम २०८० कार्तिक ४ गते फुलपातिको दिन गर्ने निर्णय गरियो ।

३. मठ, मन्दिर, पाटी, पौवा, सत्तल, द्योछें लगायतमा घाँसहरु सफा गराउने र आवश्यक अनुसार झलर राख्ने व्यवस्थाको लागि वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

मिति २०८०।५।३० गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुरमा यस वर्ष वार्षिक १० पटकसम्म पर्यटक समूह अवलोकनमा ल्याउने पथ प्रदर्शकहरु, विना टिकट नगर प्रवेश गर्ने पर्यटक चुहावट रोक्न समय समयमा खबर दिने व्यक्तित्वहरु, भक्तपुरको पर्यटन विकासमा योगदान गर्ने संघ संस्थाहरु, भक्तपुरको अवलोकनमा पर्यटकहरु निरन्तर ल्याउने ट्राभल्स एजेन्सीहरु र भक्तपुरको पर्यटन व्यवसायमा प्रवर्द्धन गर्ने पहिलो पर्यटन व्यवसायीहरुलाई कदर पत्र मार्फत सम्मान गर्ने निर्णय गरियो ।

**ग. कृषि समिति**

मिति २०८०।६।७ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. आ.व. २०८०/०८१ को स:शर्त अनुदान तर्फको एक परिवारका एक भेटेरिनरी डाक्टर भन्ने शीर्षकमा रु.५,३८,०००।- विनियोजित रकम प्राप्त भएको हुंदा भेटेरिनरी डाक्टर व्यवस्थाको लागि नियमानुसार कार्य अघि बढाउन पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. सामुदायिक कुकुरको लागि रेबिज खोप कार्यक्रम संचालन गर्न कृषि समितिका सदस्य श्री कृष्णलाल किसीज्यूलाई पेश्की माग गराउने ।

३. कृषि तथा वन विश्व विद्यालयको मिति २०८०।५।३१ गतेको पत्र अनुसार Food safety Training on Fresh Produce भन्ने कार्यक्रममा कृषि प्राविधिक रवि ख्याजु र व्यवसायिक तरकारी खेती गर्ने श्री सविना त्वायनालाई सहभागी गराउने ।

४. काउली तथा बन्दामा लाग्ने गाँठे रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम हरेक वडामा संचालन गर्नका लागि वडा वडामा पत्राचार गर्ने ।

**घ. बजार अनुगमन समिति**

मिति २०८०।३।१ गते बसेको बजार अनुगमन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. आ.व. २०८०/०८१ मा समितिबाट संचालन गर्ने कार्यक्रम र अनुमाति बजेट देहाय अनुसार गर्ने निर्णय गरियो :

| क.सं | विवरण | अनुमानित बजेट |
|---|---|---|
| १ | मेशिनरी सामान खरिद | रु. १० लाख |
| २ | तालिम संचालन | रु. २ लाख |
| ३ | व्यवसायी अभिमुखिकरण | रु. ३ लाख |
| ४ | व्यवसायी भेला/अन्तरकिया | रु. २ लाख |
| ५ | बजार अनुगमन खर्च | रु. ६ लाख |
| ६ | अध्ययन भ्रमण | रु. २ लाख |
| ७ | यातायात | रु. २ लाख |
| ८ | अन्य कार्यक्रम संचालन | रु. ५ लाख |
| | जम्मा | रु. ३२ लाख |

मिति २०८०।४।१० गते बसेको बजार अनुगमन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. बाटो फुटपाथमा आवागमन अवरोध हुने गरी राखिएका ठेला गाडाहरुलाई हटाउन श्रावण ११,१२ १३ र १४ गते प्रचार प्रसार तथा सम्बन्धित गाडाबाट वेचविखन गर्नेहरुलाई जानकारी दिई सुसुचित गर्न ‘मजदुर’ दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र मिति २०८० श्रावण २१ गतदेखि २७ गतेसम्म गाडा उठाई कारवाही तथा जरिवाना गर्ने निर्णय गरियो ।

मिति २०८०।६।८ गते बसेको बजार अनुगमन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. पेटीमुनि, फुटपाथ र सार्वजनिक स्थलहरुमा पसल व्यवसायका सामानहरु राखिएको आफै हटाउन सम्बन्धित पक्षहरुलाई सूचना प्रवाह गर्ने र माइकिङ्ग गराउने तथा मजदुर पत्रिकामा २ दिने सूचना प्रकाशित गर्ने ।

**ङ. महिला, बालबालिका तथा समाज कल्याण समिति**

मिति २०८०।५।२६ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. यस नगरपालिकाद्वारा संचालन गरिने विभिन्न तालिमहरुको कक्षाका लागि प्रशिक्षक नियुक्तिका लागि यस भ.न.पा.मा आवेदन परेकोमा निजहरुको शैक्षिक योग्यता, कक्षा संचालन अनुभव तथा अन्तर्वार्ताको आधारमा देहाय बमोजिमका महानुभावहरुलाई मासिक पारिश्रमिक दिने गरी प्रशिक्षकको रुपमा नियुक्ति गर्ने :

१. आधारभूत सिलाई – ६ महिने – मासिक रु.१८,०००।–
क. धर्मलक्ष्मी दुवाल – मासिक रु.१८,०००।–
ख. तुल्सीमाया धुख्वा – मासिक रु.१८,०००।–
ग. बद्रीलक्ष्मी कोजु (कवां) – मासिक रु.१८,०००।–
घ. मोहनलक्ष्मी कासिछ्वा – मासिक रु.१८,०००।–
बैकल्पिक : मंगल केशरी खुसु

२. एड्भान्स सिलाई तालिम – ४ महिने – मासिक रु.२०,०००।–
क. कमला शाक्य – मासिक रु. २०,०००।–
ख. सदिक्षा ङाकुसी – मासिक रु. २०,०००।–
बैकल्पिक : मायादेवी लाखाजु

३. बुटिक (फेसन डिजाइन) – ६ महिने – मासिक रु.२०,०००।–
क.. सविना कवां – मासिक रु.२०,०००।–
ख. गीता द्योपाला – मासिक रु.२०,०००।–

बैकल्पिक : सुनिता कोजु – मासिक रु.२०,०००।–
४. पाक शिक्षा - ४ महिने– मासिक रु. २५,०००।–
क. विष्णु श्रेष्ठ – मासिक रु.२५,०००।–
ख. सुनिल सुवाल – मासिक रु.२५,०००।–

बैकल्पिक : जनक शिल्पकार
५. हेयर कटिङ्ग ६ महिने – मासिक रु.२०,०००।–

क. श्यामकृष्ण नापित  – मासिक रु.२०,०००।–

ख. सोमलता वैद्य  – मासिक रु.२०,०००।–

बैकल्पिक : पुनलक्ष्मी प्रजापति

मिति २०८०।६।२ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. यस नगरपालिकाद्वारा संचालन गरिने विभिन्न तालिमहरुको प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरुसंग प्रतिव्ययक्ति निम्न तालिममा निम्नानुसार मासिक शुल्क लिने निर्णय गरियो :

क. आधारभूत सिलाई – रु.३००।–

ख. एड्भान्स सिलाई – रु.५००।–

ग. बुटिक (फेसन डिजाइन) – रु.५००।–

घ. पाक शिक्षा (कुक) – रु.३००।–

ङ. हेयर कटिङ्ग – रु.३००।–

२. यस नगरपालिकाबाट संचालन गरिने आधारभूत सिलाई, एड्भान्स सिलाई, बुटिक (फेसन डिजाइन), पाक शिक्षा र हेयर कटिङ्ग तालिमहरु संचालनको निम्ति आवश्यक सामान खरिद गर्न सदस्य सचिव श्री भूपाल मूललाई रु.२,००,०००।– (अक्षेरुपी रु. दुई लाख) पेश्की लिन लगाउने निर्णय गरियो ।

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. निवेदक गोविन्द चांगुभारी समेत १० जनाको निवेदनमा हामी निवेदकहरुले भ.न.पा.को घर निर्माण सम्बन्धी सम्पूर्ण नियम र मापदण्डहरु अक्षरशः पालन गरी आ–आफ्नो घर निर्माण गरी निर्माण सम्पन्न प्रमाण पत्र समेत प्राप्त गरिसकेकोमा त्यस नगरपालिकाबाट काठ, ईटा र झिंगटीमा ३५ प्रतिशत अनुदान दिइने व्यवस्था अनुसार अनुदान माग गरेकोमा हालसम्म सो अनुदान प्राप्त नभएकोले सो अनुदान उपलब्ध गरी पाउँ भनी निवेदन पेश भएको सम्बन्धमा श्रीमान् प्रमुखज्यूबाट राय माग भएको सम्बन्धमा भ.न.पा.को काठ, ईटा र झिंगटी खरिद अनुसार अनुदान सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची १.१.४. मा आ.व. २०७४/७५ मा नक्सा पास गरी र सो पछि निर्माणि सम्पन्न प्रमाण पत्र पाउने निर्माणकर्ताले मात्र यो कार्यविधि अनुसार अनुदान माग गर्न सक्नेछ भनी उल्लेख भएको व्यहोरा पेश गर्दछौं । उक्त माग निवेदनमा अनुदानको लागि उल्लेख गरिएका घरधनीहरुको नक्सा पास आ.व. २०७४/०७५ भन्दा अगाडि भएको व्यहोरा पेश गर्दछौं । त्यस्तै आ.व. २०७९/०८० सालको अनुदान वितरणमा हाल भ.न.पा. वडा नं. १० बस्ने नानी शोभा बज्राचार्य र भ.न.पा. वडा नं. ४ बस्ने जय प्रजापतिको आ.व. ०७४/०७५ अगाडि नक्सा पास गरी निर्माण सम्पन्न लिएको हुंदा कार्यविधि अनुसार परिच्छेद १ को बुंदा १.१.४. मा आ.व. नमिल्ने हुँदा अनुदान दिन नमिल्ने भनी निर्णय भएको

व्यहोरा अनुरोध गर्दछौं भन्ने व्यहोराको कानूनी प्रावधान तथा तथ्य सहित नक्सा उपशाखाबाट पेश भएकोमा यस सम्बन्धमा राय लेखी पेश गर्ने भनी प्रमुखज्यूबाट कानून शाखामा आदेश भई आएको । यस सम्बन्धमा भक्तपुर नगरपालिकाको काठ, ईटा र झिंगटी खरिद अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुंदा नं. १.१.४. मा आ.व. २०७४/७५ मा नक्सा पास गरी र सो पछि निर्माण सम्पन्न प्रमाण पत्र पाउने निर्माणकर्ताले मात्र यो कार्यविधि अनुसार अनुदान माग गर्न सक्नेछ भन्ने प्रावधान भए रहेको, यस्तै सोही कार्यविधिको बुंदा नं. १.६. मा यो कार्यविधि अनुसार दिइने अनुदान सम्बन्धमा विवाद परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ भन्ने प्रावधान विद्यमान रहेकोमा सो बुंदामा तेऱ्हौं नगर सभा २०७९ पौषबाट पहिलो संशोधन प्रस्ताव पारित भई यो कार्यविधि अनुसार दिइने अनुदान सम्बन्धमा विवाद परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ र यस भन्दा अघि अनुदान दिइसकेकोलाई यसै कार्यविधि अनुसार अनुदान दिइएको मानिनेछ भनी संशोधन समेत भइसकेको हुँदा निवेदक गोविन्द चांगुभारी समेत १० जवानको निवेदन माग बमोजिम अनुदान उपलब्ध गराउन कानूनी रुपमा नमिल्ने राय पेश गर्दछु भन्ने व्यहोराले नक्सा उपशाखा र मुद्दा उपशाखाको राय पेश भएको हुँदा प्रस्तुत विषयमा निवेदक गोविन्द चांगुभारी समेत १० जवानको निवेदन माग बमोजिम अनुदान उपलब्ध गराउन कानूनी रुपमा नमिल्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोरमैला संकलन गर्ने (B AB 8654) नं. सफाई गाडीमा गेर आयल, गेर बक्स तथा अन्य सामान फेरे बापत रु. ५५१४।४ जे.बि.अटो लिंक एण्ड इ.भि.चार्जिङ्ग हब प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोरमैला संकलन गर्न (BAB 7277 नं. ) सफाई गाडीमा अगाडिको शिशा चर्केको बनाए वापत रु.२५००।– दि भैरव ईन्जिनियरिङ्ग वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोरमैला संकलन गर्ने को १ स १६७५ नं तिन पाङ्ग्रे ट्राईसाइकलमा आवश्यक सामान फेरे वापत रु.२६,०००।– र को १ स १६७२ नं. ट्राईसाइकलमा सेल्फ डाइनामा, ईन्जिन आयल तथा अन्य सामान फेरेबापतको रु.१५,६७५।– गरी जम्मा रु.४१,६७५।– लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ९०२५ नं को बाकोहो डोजरमा आवश्यक सामान फेरेबापतको रु.५८,७६०।– हाम्रो हेभी ईकुपमेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित BAC 4960 (बा २ च ९८०८) नं. गाडीमा ब्रेक मास्टर सिलिण्डर, एक्सल तथा अन्य सामान मर्मत गरे वापत रु.२०,४७२।२१ धनश्री अटो केयरलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. मिति २०८०।०५।१९ देखि २०८०।०५।२३ गतेसम्म पोखरामा आयोजित बाघ जात्रा कार्यक्रममा यस नपाको तर्फबाट मौलिक घिन्ताङघिसी नाच प्रदर्शन गर्नको लागि भ्रमण व्यवस्थापक दिपेन्द्र प्रजापतिलाई रु.४,००,०००।- पेश्की दिइएकोमा रु.३,१५,६८८।- खर्चको फाँटवारी पेश गरी पे.फ का लागि दिएको निवेदन अनुसार निजको खर्च समर्थन गरी बांकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु९१,६०५।- दिब्य स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकामा विभिन्न मितिमा खाजा उपलब्ध गराए वापत रु.१९,४५०।- झ:छैं नेवारी खाजा घरलाई उपलब्ध गराउने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकामा विभिन्न मितिमा खाजा उपलब्ध गराए वापत रु.६८९०।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकामा विभिन्न मितिमा जलपानको लागि आवश्यक फलफूल, दही तथा बिस्कुट उपलब्ध गराए बापत रु.१९,५४०।- आर.के.जुस सेन्टरलाई उपलब्ध गराउने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिका क्षेत्रमा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिम यस नगरपालिका स्तरीय भक्तपुर नगरपालिका स्वास्थ्य बीमा संयोजक समिति गठन गर्ने निर्णय गरियो :

  क. संयोजक : श्री सुनिल प्राजपति, प्रमुख
  ख. सदस्य : वडाअध्यक्ष श्री रविन्द्र ज्याख्व
  ग. सदस्य : डा. मजेस प्रताप मल्ल
  घ. सदस्य : मन्यश्वरी कोजु-भ.न.पा.९ र बुद्धलक्ष्मी त्वायना भ.न.पा. ४
  ङ. सदस्य : स्वास्थ्य शाखा प्रमुख डा. श्री रत्नसुन्दर लासिवा
  च. सदस्य : भक्तपुर नगरपालिका स्वास्थ्य बीमा बोर्ड दर्ता अधिकारी
  छ. सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका